नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

वार्ता तथा संवाद टोली गठन गरिएकोसम्बन्धी प्रेस विज्ञप्ति

प्रा.डा.गोविन्द के.सी.ले चिकित्सा शिक्षा क्षेत्र सुधारका विषयमा विभिन्न माग राखी हाल अनसनमा रहनुभएको विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। उहाँले राख्नुभएका मागका विषयमा मन्त्रालय संवेदनशील रहेको छ। यस सम्बन्धमा मन्त्रालयले मिति २०८३।०७।१२ र १६ गते विज्ञप्ति जारी गरिसकेको बेहोरा सबैमा विदितै छ। उहाँले राख्नुभएका मागका विषयमा वार्ता र संवादका माध्यमबाट समाधानका लागि यस मन्त्रालयका सहसचिव श्री जयराम अधिकारीको संयोजकत्वमा चिकित्सा शिक्षा आयोगका सदस्य-सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रतिनिधि र मन्त्रालयका प्राविधिक शिक्षा शाखाका उपसचिव रहेको चार सदस्यीय वार्ता तथा संवाद टोली गठन गरिएको छ। वार्ता र संवादका माध्यमबाट मागमा उठान भएका विषयमा समाधान खोज्न शिक्षा तथा खेलकुद मन्त्रालय अनसनरत पक्षसँग वार्ता तथा संवादका लागि हार्दिक अनुरोध गर्दछ।

श्रीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०७/१८
नेपाल संवत् ११४६